annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ४८ पृष्ठ ८ | काठमाडौं, सोमबार ३ असार २०८१ | जेष्ठ शुक्लपक्ष एकादशी, नेपाल संवत् ११४४ | MONDAY, JUNE 17, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

९७.३ प्रतिशत नेपालीको थाप्लोमा ऋण

करिब-करिब सबै नेपाली कुनै न कुनै ऋणको बोझमा छन् । जीवनस्तर सर्वेक्षणको तथ्यांक २०७९/८० अनुसार व्यक्तिगत रूपमा ९७.३ प्रतिशत नेपालीको थाप्लोमा ऋणको भार छ । जम्मा २.७ प्रतिशत नेपाली मात्रै ऋणविहीन छन् । पछिल्लो १२ वर्ष ऋण बोक्नेको संख्या ह्वातै बढेको देखिन्छ । २०६६/६७ मा ६२.६ प्रतिशत नेपाली मात्रै ऋणको बोझमा थिए । पछिल्लोपालि ऋण लिनेको संख्या ३४.७ प्रतिशत बढेको छ ।

सुरेन्द्र काप्ले | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

नेपालीको थाप्लोमा ऋणको बोझ

२०७९/८०	९७.३ प्रतिशत
२०६६/६७	६२.६ प्रतिशत
२०६०/६१	६६.७ प्रतिशत
२०५२/५३	५८.४ प्रतिशत

ऋण लिने परिवारको संख्या

२०७९/८०	६३.८ प्रतिशत
२०६६/६७	६५ प्रतिशत
२०६०/६१	६८.८ प्रतिशत
२०५२/५३	६१.३ प्रतिशत

उपभोग खर्च

२०५२/५३	६,८०२ रुपैयाँ/प्रतिवर्ष/प्रतिव्यक्ति
२०६०/६१	१५,८४८ रुपैयाँ/प्रतिवर्ष/प्रतिव्यक्ति
२०६६/६७	३४,८२९ रुपैयाँ/प्रतिवर्ष/प्रतिव्यक्ति
२०७९/८०	१,३०,८५३ रुपैयाँ/प्रतिवर्ष/प्रतिव्यक्ति

गैरखाद्य खर्च

२०६६/६७	३८ प्रतिशत
२०७९/८०	४७ प्रतिशत

खाद्य खर्च

२०६६/६७	६२ प्रतिशत
२०७९/८०	५३ प्रतिशत



वीरेन्द्रनगरलाई उपमहानगर बनाउनुपर्छ

मोहनमाया ढकाल

इजलास

वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशको राजधानी भएको नगरपालिका हो। यो विकासका पूर्वाधारका साथै अन्य मापदण्डका हिसावले उपमहानगर बनाउन तयार भइसकेको छ। चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा पनि हामीले यो विषयलाई प्रवेश गराएका थियौं।

अहिले हामीले उपमहानगरपालिका बन्न आवश्यक मुख्य दुई मापदण्ड पूरा गरेको अवस्था छ। यहाँ जनसंख्या पनि पर्याप्त छ। राजस्व संकलनका दृष्टिले पनि राम्रो छ। वार्षिक २७ करोड चाहिनेमा यस वर्ष ४१ करोडको प्रक्षेपण गरिएको छ। झन् यो वर्षलाई राजस्व सुधारको वर्षका रूपमा लिएका छौं। राजस्वबाटै हामीले नगरको सबै चालु खर्च व्यवस्थापन गर्न सफल भएका छौं। वीरेन्द्रनगर आन्तरिक आयका हिसावले आत्मनिर्भर छ। संघ र प्रदेश सरकारले सकारात्मक सहयोग गरेको खण्डमा उपमहानगर घोषणाका लागि सबै मापदण्ड पूरा भइसकेको छ।

कर्णाली प्रदेशभरि नै एउटा पनि उपमहानगर छैन। अन्य पालिका तत्काल उपमहानगर बन्न सक्ने अवस्थाका पनि छैनन्। तर, प्रदेश मुकामको वीरेन्द्रनगर नगरपालिका भने सबै हिसावले उपयुक्त छ।

कर्णालीलाई सधैं रोग, भोक, अशिक्षा र विकटताले मात्र चिनाइयो। अब हामीले कर्णाली सुन्दर, विकसित र सम्भावनाको क्षेत्र हो भनेर पहिचान कायम गराउनु छ। त्यसका लागि प्रदेशको राजधानी राजनीतिक, आर्थिक तथा प्रशासनिक केन्द्रको रूपमा विकसित हुनु जरुरी छ। यहाँ पर्याप्त पूर्वाधार, सार्वजनिक सेवा प्रवाह, जनसंख्या सबै हिसावले वीरेन्द्रनगर अब्बल छ।

अब वीरेन्द्रनगरलाई उपमहानगर घोषणा गरी संघ र प्रदेश सरकारले कर्णालीवासीलाई राजनीतिक तथा प्रशासनिक रूपमा थप सेवा सुविधा दिनुपर्छ। यो सवाल यहाँका नागरिकको अधिकारका रुपमा हामीले लिएका छौं। त्यसका लागि हामीले आवश्यक पहल पनि सुरु गरिसकेका छौं।

(ढकाल वीरेन्द्रनगर नगरपालिका सुर्खेतकी मेयर हुन्।)

एक प्रेरक नमुना स्कुल

जितेन्द्रनारायण ठाकुर | *विराटनगर*

मोरङको ग्रामथान २ झोराहाटस्थित रवि आधारभूत विद्यालयमा सबै बालबालिका दलित समुदायकै छन्। दलित जातिको बसोबास रहेको बस्तीमा सञ्चालित विद्यालयको स्थापना पनि दलित समुदायकै पहलमा भएको हो। कोशी प्रदेशको पहिलो आधारभूत उक्त स्कुलमा अध्ययनरत विद्यार्थी सबै दलित समुदायकै छन्।

विद्यालयमा दलित विद्यार्थी मात्र भएको शिक्षक अभिभावक संघका अध्यक्ष किरण सरदारले बताए। सरदारका अनुसार विद्यालयमा कटहरी गाउँपालिका र ग्रामथानका तराईका दलित परिवारका ४ सय विद्यार्थी अध्ययनरत छन्। विद्यालयमा शिक्षक भने दलित र गैरदलित समुदायका छन्।

१० जना शिक्षकमध्ये प्रधानाध्यापकसहित ५ जना दलित र अन्य गैरदलित छन्। २०४५ सालमा स्थापना भएको सो विद्यालयमा कोशी प्रदेशकै सबैभन्दा बढी विद्यार्थी बालविकासमा अध्ययनरत छन्। विद्यालयमा हाल

बालविकासमा १ सय ३० जना बालबालिका अध्ययनरत छन्। उनीहरू सबै दलित हुन्।

'यसअघि दलित समुदायका विद्यार्थी निरन्तर विद्यालय नआउँदा सो विद्यालय अर्कोमा गाभ्ने अवस्थामा पुगेको थियो। उचित वातावरण र शिक्षाप्रति अभिभावक जागरुक नहुँदा दलित बालबालिका पठनपाठनबाट बञ्चित थिए,' प्रअ जितेन्द्र सरदारले भने, 'अन्य विद्यालयमा गएर दलित बालबालिकाले पढ्ने वातावरण पनि थिएन। त्यसैले गाउँमै स्थापना गरिएको विद्यालयमा अभिभावकलाई शिक्षा प्रतिजागृत गराइयो।

त्यसपछि विद्यार्थीको चाप बढेको हो।' दलित समुदायको बाहुल्यता भएको त्यस क्षेत्रमा शिक्षा, चेतना, सरसफाइ, पूर्वाधारलगायतको अभाव छ। तर, निरन्तर विद्यालयका शैक्षिक र भौतिक रूपमा विकास गरेर अभिभावको भावनाअनुसार पठनपाठन सुरु गरेपछि विद्यार्थी र अभिभावको विद्यालयप्रतिको आकर्षण बढेको हो। 'दलित बालबालिकालाई शिक्षण गर्न पाउँदा खुसी छौं,' प्रअ सरदारले भने। पूर्वाधार विकासका हिसाबले अझै अभिभावकको चाहनाअनुसार विद्यालय सञ्चालन गर्न समस्या भएको उनको भनाइ छ।

४० देखि ५० जनालाई एउटै कक्षाकोठामा राखेर अध्यापन गराउनु बाध्यता रहेको प्रअ सरदारले बताए। भौतिक संरचना प्रतिसरोकारवालाहरूले ध्यान नदिँदा सोचे अनुसारको काम गर्न नसकेकोमा प्रअ सरदारले दुःख व्यक्त गरे।

» बाँकी पृष्ठ ६

नर्वेद्वारा युक्रेनलाई १० करोड डलर सहयोग

ओस्लो (रासस/एएफपी) : नर्वेले युक्रेनको ऊर्जा पूर्वाधारको मर्मत सम्भार गर्न र आगामी हिउँदअघि नै देशको विद्युत् आपूर्ति सुरक्षित गर्न युक्रेनलाई १.१ अर्ब क्रोनर (१० करोड ३० लाख अमेरिकी डलर) उपलब्ध गराउने घोषणा गरेको छ।

प्रधानमन्त्री जोनास गाहर स्टोरले एक वक्तव्य जारी गर्दै भनेका छन्, 'रूसले विद्युत् उत्पादन केन्द्रलाई ध्वस्त बनाउन व्यापक तथा व्यवस्थित आक्रमण गरिरहेको छ। तर, युक्रेनी अधिकारी र विदेशी सहयोगीले युक्रेनको लागि आवश्यक विद्युत् आपूर्ति कायम राख्न दिनरात काम गरिरहेका छन्।

नयाँ अनुमानअनुसार युक्रेनको विद्युत् उत्पादन क्षमताको ५० प्रतिशतभन्दा बढी नष्ट भएको छ। 'हामी युक्रेनसँग यो कोषको प्रभावकारी प्रयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा नजिकको संवादमा छौं। युक्रेनी आफैंलाई के आवश्यक छ भन्ने बारेमा सबैभन्दा राम्रो अन्तरदृष्टि छ,' स्टोरले भने। जाडो सुरु हुनुअघि पूर्वाधार मर्मत सुरु गर्न महत्वपूर्ण छ।

नर्वेले हालै रूसी आक्रमणबाट सबैभन्दा बढी प्रभावित खार्किभ क्षेत्रमा १२ करोड क्रोनर मर्मतका लागि जाने निर्णय भइसकेको जनाएको छ।

राजनीतिक कोपभाजनमा मानगढ खानेपानी

किशोर बुढाथोकी | *विराटनगर*

विराटनगर महानगरपालिका-३ स्थित मानगढ खानेपानी आयोजना राजनीतिक हस्तक्षेपको कोपभाजनमा परेको छ।

विराट खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाअन्तर्गतको आयोजनामा सत्तारुढ नेकपा (एमाले)का नाममा सबैभन्दा बढी हस्तक्षेप भएको देखिन्छ। नेपाली कांग्रेसले पनि खुलेआम हस्तक्षेप गरेको छ। राजनीतिक हस्तक्षेपको गोलचक्करमा फसेसँगै खानेपानी आयोजनाको भविष्य अनिश्चित बनेको सरोकारवाला बताउँछन्।

स्थानीय उपभोक्ता राजनीतिक हिसाबले सरोकार नभएको सामाजिक संस्थाको नेतृत्व हत्याउन नेताहरूले जुनसुकै हर्कत देखाइरहेको गुनासो गर्छन्। विराटनगरको सबैभन्दा ठूलो खानेपानी आयोजनाको अस्तित्व नै संकटमा पार्ने र धराशायी बनाउने हिसाबले राजनीति प्रवेश गर्नु दुःखद भएको उपभोक्ताको गुनासो छ।

'नेताहरू नेतृत्व हत्याउने दाउपेचमा लागे। सामाजिक संस्थामा अचाक्ली गरे,' एक उपभोक्ता भन्छन्, 'खानेपानी आयोजनाजस्तो संस्थामा यस्तो गर्न हुँदैन थियो। तर, नांगो हिसाबले हस्तक्षेपमा उत्रिए।' उनका अनुसार हस्तक्षेप गरेर आयोजनालाई अनिर्णयको बन्दी बनाइएको छ।

मानगढ खानेपानी आयोजना उपभोक्ताको २० प्रतिशत लगानीसहित जापान सरकारको सहयोगमा २०५४ सालमा निर्माण सुरु गरेर २०६३

सालमा उपभोक्तालाई हस्तान्तरण गरिएको थियो। २०६३ देखि औपचारिक हिसाबले उपभोक्तालाई पानी वितरण सुरु गरिएको आयोजनाबाट हाल ५ हजार ९ सय घरधुरी लाभान्वित छन्।

आयोजना निर्माण सुरु भएदेखि नै रामबहादुर घिमिरे उपभोक्ता समितिका अध्यक्ष छन्। पछिल्लोपटक पाँचौं कार्यकालका लागि निर्वाचनमार्फत २०७४ जेठदेखि घिमिरे अध्यक्ष बनेका थिए। पछि घिमिरे नेतृत्वको समितिको म्याद १ वर्ष थपियो। तर, थपिएको म्याद सकिएपछि पनि अध्यक्षकै हैसियतमा उनले काम गरिरहे। कार्यकाल सकिएर कामचलाउ भइसकेको समितिले आयोजनालाई दीर्घकालीन असर पर्ने निर्णयहरू गरेको थियो।

पछिल्लो समय फोहोर र लेदोसहितको पानी उपभोक्ताको घरमा पुग्ने गरेको गुनासो व्याप्त छ। समस्या समाधानका लागि समितिले चासो दिएन। अध्यक्ष घिमिरेमाथि आयोजनामा अनियमितता गरेको आरोप लागेको छ। सामग्री र जग्गा खरिददेखि कर्मचारी नियुक्ति तथा पदाधिकारीको पारिश्रमिकमा अनियमितता गरेको तथा खानेपानी आयोजनालाई आफन्त एवं नातेदार भर्ती केन्द्र बनाएको आरोप उनीमाथि लागेको हो।

कार्यकाल सकिएपछि समिति पुनर्गठन गरेर आयोजनाको प्रयोजनका लागि भनेर विराटनगर-३ मा २०८० असारमा २६ धुर जग्गा ८४ लाख रुपैयाँमा खरिद गरेको देखाइएको छ। लालपुर्जामा २६ धुर देखाइएको जग्गा फिल्डमा भने १०/११ धुर मात्रै रहेको उपभोक्ता एवं २०७४ सालमा सचिव निर्वाचित भएका लीलाप्रसाद काफ्ले बताउँछन्।

'खरिद गरिएको जग्गा त्यसअघि ४१ लाखमा बिक्री गर्न जग्गाधनी तयार थिए। तर, खानेपानी आयोजनाले बिचौलियासँग साँठगाँठ गरेर ८४ लाख मूल्य कायम गरेको पाइयो,' उनी भन्छन्, 'पास खर्चसहित गर्दा ८७ लाख २५ हजार रुपैयाँ पुगेको छ। जग्गा खरिदका नाममा दोब्बर बढी मूल्य देखाएर लाखौं रुपैयाँ भ्रष्टाचार गरिएको छ।' काफ्लेका अनुसार आयोजनामा अनावश्यक कर्मचारीको दरबन्दी सिर्जना गरेर त्यसवापतको तलब र भत्ता कार्यसमितिमा रहेकाले बाँडेर खान्छन्।

यसरी सुरु भयो राजनीतिक हस्तक्षेप

आयोजनाको उपभोक्ता समितिमा नयाँ नेतृत्व चयनका लागि निर्वाचनको तयारी हुँदै थियो। जुनसुकै हतकण्डा अपनाएर भए पनि आफू पुनः अध्यक्ष हुन खोज्ने घिमिरे एमालेका केही नेताहरूलाई आफ्नो प्रभावमा पार्न सफल भए। एमाले मोरङको नेतृत्वले पनि घिमिरेलाई अध्यक्ष, एमाले विराटनगर-३ का वडाध्यक्ष लालमणि भट्टराईलाई उपाध्यक्ष वा सचिव बनाउने तयारी गरेको थियो। तर, पार्टीको एउटा पक्ति अनेक विवादमा मुछिएका घिमिरेको विपक्षमा देखियो।

आमउपभोक्ता पनि घिमिरेको पक्षमा देखिएनन्। खुलेआम विरोधमा उत्रिए। त्यसपछि भट्टराईले अध्यक्षमा उम्मेदवारी दिए। एमाले विराटनगर महानगर कमिटीका अध्यक्ष सागर थापालगायतका नेता कार्यकर्ता भट्टराईको पक्षमा खुलेर लागे। पार्टीको निर्णयविपरीत उम्मेदवारी दिएको भनेर एमाले जिल्ला नेतृत्वले भट्टराईसहित उनको प्रचारप्रसारमा हिँड्नेलाई कारबाहीको चेतावनी दियो। आफ्नो निर्णयबाट फिर्ता हुन निर्देशन दिए पनि भट्टराईले मानेनन्।

पार्टीको निर्णय उल्लंघन गरेको भन्दै छानबिन र आवश्यक कारबाहीका लागि भनेर एमालेले जिल्ला कमिटी उपसचिव शान्ति लिम्बूको संयोजकत्वमा रविन थापा र काजीबहादुर बस्नेत रहेको ३ सदस्यीय समिति बनायो। बस्नेत विराटनगर-३ का वडाध्यक्ष छन्।

» बाँकी पृष्ठ ६